# लोक सेवा आयोग
## (अन्तर्वार्ता तथा सिफारिश शाखा)

मितिः २०८१।०४।०२

सूचना नं. २१/०८१-८२

**योग्यताक्रम सूचीबाट हटाइएको।**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १६६८६/०८०-८१(पि.क्षे.), नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प. द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको लिखित परीक्षाको नतिजाबाट In Basket Exercise र अन्तर्वार्ताको लागि छनौट भएका रोल नं. ८७१६०९ का उम्मेदवार तर्कराज खनालले पेश गरेको कागजात बमोजिम निजको उक्त सेवा समूहको रा.प. तृतीय श्रेणीका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अनुभव अवधि गणना गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव पूरा गरेको नदेखिएको, साथै निज उम्मेदवार तर्कराज खनालको अनुभव अवधि आयोगको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ११ उपदफा (५) को (ज) मा व्यवस्था भए बमोजिम रहेको नदेखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) अनुसार निजको दरखास्त फाराम, लिखित परीक्षा, In Basket Exercise र अन्तर्वार्ता समेत रद्द गरी नाम योग्यताक्रम सूचीबाट हटाउने गरी मिति २०८१।०४।०२ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| | | |
|---|---|---|
| २०८१/०४/०२ | २०८१/४/२ | २०८१/४/२ |
| (देवेन्द्र शर्मा) | (योगराज पौडेल) | (कुमारप्रसाद कोइराला) |
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |

कमलपोखरी, काठमाडौं । फोन नं. ०१-४७७१५०५, Website: www.psc.gov.np, Email: info@psc.gov.np